आज मिति २०८१ साल फागुन १८ गते आइतबारको दिन विहान ११:०० बजे यस सिलीचोङ गाउँपालिकाको अध्यक्ष श्री भूपालराज राईज्यूको अध्यक्षता र देहाय बमोजिमको उपस्थितीमा बसेको सिलीचोङ गाउँपालिकाको आ.व. ०८१/०८२ को एघारौं कार्यपालिका बैठकबाट देहाय बमोजिमको प्रस्तावहरु उपर छलफल गरी सर्वसम्मतिले निर्णय पारित गरियो ।

उपस्थिती

| क्र.सं. | नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | भूपालराज राई | अध्यक्ष | |
| २ | देविता राई | उपाध्यक्ष | |
| ३ | गणेश राई | वडाध्यक्ष | |
| ४ | मोहन सम्सेर राई | वडाध्यक्ष | |
| ५ | प्रतापसिंह तामाङ | वडाध्यक्ष | |
| ६ | देवेन्द्र राई | वडाध्यक्ष | |
| ७ | ईश्वर राई | वडाध्यक्ष | |
| ८ | सन्तोष राई | कार्यपालिका सदस्य | |
| ९ | सागर राई | कार्यपालिका सदस्य | |
| १० | रेबिका रसाइली | कार्यपालिका सदस्य | |
| ११ | शारदा कुमारी राई | कार्यपालिका सदस्य | शारदा |
| १२ | लक्ष्मी वि.क. | कार्यपालिका सदस्य | लक्ष्मी |
| १३ | मन कुमारी राई | कार्यपालिका सदस्य | |
| १४ | दीपेन्द्रकुमार राई | नि. प्रमुख प्रशासकीय अधिकृत | |
| १५ | ई सुजन श्रेष्ठ | भौतिक पूर्वाधार तथा वातावरण व्यवस्थापन शाखा प्रमुख | |
| १६ | केदार राई | कार्यालय सहयोगी | |

## प्रस्तावहरु:

१. समीक्षा सम्बन्धमा ।

२. बेली ब्रिज निर्माण योजना (संघ तथा प्रदेश निर्वाचन क्षेत्र विकास कोष साझेदारी) ठेक्का नं. NCB-SRM-BAILEY-1-080/81 को कार्य सम्पन्न गर्ने समय थप संबन्धमा ।

३. एम्बुलेन्स माग गर्ने सम्बन्धमा ।

## निर्णयहरु:

### निर्णय नं. १

प्रस्ताव नं. १ माथि छलफल गर्दा मिति २०८१ साल फागुन ०३ गते बसेको दशौं कार्यपालिका बैठकले गरेका निर्णयहरु सन्तोषजनक रुपमा कार्यान्वयन भएको सर्वसम्मत निर्णय पारित गरियो ।

### निर्णय नं. २

प्रस्ताव नं. २ माथि छलफल गर्दा यस सिलीचोङ गाउँपालिकाको वडा नं. ४ मा संचालनमा रहेको बेली ब्रिज निर्माण योजना ( संघ तथा प्रदेश निर्वाचन क्षेत्र विकास कोष साझेदारी ) ठेक्का नं. NCB-SRM-BAILEY-1-080/81 को निर्माण कार्य गरिरहेको श्री ममता इन्टरप्राइजेज एण्ड कन्स्ट्रक्सन प्रा.ली. ले मिति २०८१/११/१० गते यस गाउँपालिकामा वि.सं. २०८१ सालको ज्येष्ठ र असार महिनामा आएको बाढीका कारण सोही सालको कात्तिक महिना सम्म निर्माण कार्य संचालन गर्न अवरोध भएको कारण देखाउदै उक्त योजना सम्पन्न गर्नपर्ने म्याद थप गर्न पत्र पेश गरेको तथा सोही मितिको अर्को पत्रबाट उक्त योजना २०८२ ज्येष्ठ मसांत सम्ममा सम्पन्न गर्ने प्रतिबद्धता जनाएको कारण उक्त योजनाको कार्य सम्पन्न मिति २०८२/०२/३१ गते सम्म थप गर्ने सर्वसम्मत निर्णय पारित गरियो ।

### निर्णय नं. ३

प्रस्ताव नं. ३ माथि छलफल गर्दा यस सिलीचोङ गाउँपालिका ताम्कू प्राथमिक स्वास्थ्य केन्द्रको नाममा रहेको एउटा एम्बुलेन्सले वर्षातकालीन समयमा भौगोलिक विकटताको कारण सबै वडामा सेवा दिन नसक्ने भएकोले घाला स्वास्थ्य चौकीको नाममा रहने गरि सिलीचोङ गाउँपालिका क्षेत्रभित्र सञ्चालनमा रहेको गुराँस हाइड्रोपावर जलविद्युत कम्पनी लिमिटेडबाट सामाजिक उत्तरदायित्वको रुपमा १ वटा एम्बुलेन्स "ख" वर्गको माग गरि राजश्व छुट लगायत आवश्यक प्रकृयाको लागि जिल्ला एम्बुलेन्स व्यवस्थापन समिति संखुवासभामा अनुरोध गर्ने सर्वसम्मत निर्णय पारित गरियो ।